# बैठक नं. ६६

आज मिति २०७६ फाल्गुन २९ गते बिहीबार दिनको ०५:३० बजे यस कीर्तिपुर नगरपालिकाका नगर प्रमुख श्री रमेश महर्जनज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, वडा नं. १० स्थित नगरपालिकाको सभाकक्षमा देहाय बमोजिमको उपस्थितिमा बसी निम्न बमोजिमका निर्णयहरु गरियो ।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, प्रमुख | श्री रमेश महर्जन | |
| २ | सदस्य, उपप्रमुख | श्री सरस्वती रिजाल (खड्का) | |
| ३ | सचिव | श्री ध्रुवराज आचार्य | |
| ४ | सदस्य, अध्यक्ष वडा न. १ | श्री हर्ष महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडा न. २ | श्री रमेशमान डंगोल | |
| ६ | सदस्य, अध्यक्ष वडा न. ३ | श्री राजेन्द्र महर्जन | |
| ७ | सदस्य, अध्यक्ष वडा न. ४ | श्री राजेन्द्र बानियाँ | |
| ८ | सदस्य, अध्यक्ष वडा न. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ९ | सदस्य, अध्यक्ष वडा न. ६ | श्री न्हुच्छे बहादुर महर्जन | |
| १० | सदस्य, अध्यक्ष वडा न. ७ | श्री राजकुमार माली | |
| ११ | सदस्य, अध्यक्ष वडा न. ८ | श्री विनोद महर्जन | |
| १२ | सदस्य, अध्यक्ष वडा न. ९ | श्री गंगाराम महर्जन | |
| १३ | सदस्य, अध्यक्ष वडा न. १० | श्री अमन महर्जन | |
| १४ | सदस्य | श्री नन्ददेवी महर्जन | |
| १५ | सदस्य | श्री राजु मिजार | |
| १६ | सदस्य | श्री राजेन्द्र तोलाङ्गे | |
| १७ | सदस्य | श्री सरस्वती परियार | |
| १८ | सदस्य | श्री सानु मिजार | |
| १९ | सदस्य | श्री सुनीता नकर्मी | |
| २० | सदस्य | श्री सुमन पोखरेल | |
| २१ | सदस्य | श्री संगिता श्रेष्ठ (उप्रेती) | |
| २२ | आमन्त्रित, ब.ले.अ. | श्री सानुबाबु परियार | |
| २३ | आमन्त्रित, लेखा अधिकृत | श्री मित्र प्रसाद घिमिरे | |
| २३ | आमन्त्रित,सू.प्र.अ | श्री परशुराम चौलागाई | |
| २४ | आमन्त्रित, सचिवालय | श्री संजिता लामा | |

**<u>निर्णय नं १</u>**

यस नगरपालिकाका विभिन्न क्षेत्रमा खानेपानी आपूर्तिलाई व्यवस्थित गर्नका लागि कीर्तिपुर नगरपालिका वडा नं.२ र वडा नं. ४ बाट एक/एक जना चावी चालकको व्यवस्था गर्न वडाको निर्णय सहित सिफारिस भई आएकोले सम्बन्धित वडाबाट जनशक्ति आवश्यक भएको मितिदेखि लागु हुने गरी माग भए बमोजिम उपयुक्त शिर्षकबाट दैनिक ज्यालादारीमा चावी चालक व्यवस्था गर्न नगर प्रमुखलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं २</u>**

विगत अढाई महिना अघि छिमेकी मित्र राष्ट्र चीनको हुबेइ प्रान्तको वुहान सहरबाट सुरु भै हाल संसारभरि महामारीको रूपमा फैलिएको कोरोना भाइरस कोभिड-१९ का कारण नेपाल सरकारले घोषणा गरेको नेपाल भ्रमण वर्ष-२०२० को कार्यक्रम स्थगित भएको सन्दर्भमा सोही कार्यक्रमलाई सम्पन्न पार्ने उद्देश्यले यस नगरपालिकाले आगामी २०७७ वैशाख १६ देखि २० गते सम्म आयोजना गर्ने कीर्तिपुर महोत्सव-२०२० को हालसम्म भएका प्रकृया लगायतका तयारीहरू यथास्थितिमा राखी यस विषयमा अर्को निर्णय नभए सम्मका लागि उक्त महोत्सव स्थगन गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं ३</u>**

यस नगरपालिकाको वडा नं ६, भूगोल तथा जनसंख्याको दृष्टिले समेत सबैभन्दा ठूलो रहेको र त्यस वडाको कार्यबोझका आधारमा २(दुई) जना सामाजिक परिचालकको व्यवस्था गर्ने क्रममा न.पा. बाट सरुवा गरी पठाइएको सामाजिक परिचालकले सेवाबाट अलग हुँदा त्यहाँ जनशक्ति अभावका कारण सेवा प्रवाह अवरुद्ध पर्न गई जनशक्ति व्यवस्थापनको लागि अनुरोध भइ रहेको सन्दर्भमा अझ जनशक्तिको तत्काल व्यवस्था गर्नुपर्ने भएकाले साविक बमोजिमको सामाजिक परिचालकले पाउने सेवा सुविधा र शर्तको परिधि भित्र रही सामाजिक परिचालक १(एक) को व्यवस्था गर्ने र सोही वडामा खानेपानी ट्याकङ्करहरुबाट नगरपालिकाले तोकेको दररेट बमोजिम कर संकलन गर्नको लागि समेत जनशक्ति नभएकोले उल्लिखित कार्यका लागि समेत सामाजिक परिचालकको सेवा सर्त सुविधा बमोजिम हुने गरी सामाजिक परिचालक २(दुई) जनाको व्यवस्थापनको लागि मिति २०७६/१२/०१ लागू हुने गरी उक्त वडाको सिफारिस बमोजिम उपयुक्त व्यक्तिको नियुक्तिका लागि नगर-प्रमुखलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं ४</u>**

निर्वाचन आयोग नेपालको पं.स ०७६/७७ च.नं. १२२ मिति को पत्र (मतदाता नामावली संकलन र अद्यावधिक बारे) बैठकमा प्रस्तुत भई सो उपर छलफल गरी यस नगर क्षेत्रका मतदाताहरूको नामावली संकलन र मतदाता नामावली अद्यावधिक गर्ने कार्यमा आवश्यक सहयोग र सम्बन्धित पक्षहरूसँग समन्वय गर्ने निर्णय गरियो ।

## निर्णय नं ५

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. स्था.त.स.शा./जानकारी/फा.नं.३/२०७६/७७, च.नं ३६१ मिति २०७६/११/२७ को **COVID-19 को संक्रमणप्रति सजगता तथा नियन्त्रण** सम्बन्धी पत्र र मिति २०७६/११/२३ को प.सं २०७६/७७ च.नं ८५ बैठकमा प्रस्तुत भई सो उपर छलफल गरि ततसम्बन्धी सहयोग, समन्वय र सरोकारवालाहरूसँग सहकार्य गर्ने निर्णय गरियो ।

## निर्णय नं ६

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (सङ्घीय मामिला शाखा) को प.सं २०७६/७७ च.नं ८५ मिति २०७६/११/२३ को जनचेतना तथा आवश्यक पूर्व तयारी सम्बन्धी पत्र जानकारी भयो । तत् सम्बन्धमा यस नगर क्षेत्रमा सो रोग सम्बन्धी जानकारी मूलक जनचेतना जागरण कार्यक्रम सञ्चालन तथा आवश्यक पूर्व तयारी का लागि पहल र सरोकारवालाहरूसँग समन्वय गर्ने जिम्मेवारी नगर प्रमुख लाई दिने निर्णय गरियो ।

## निर्णय नं. ७

राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको प.सं ०७६/७७, च.नं १२७२ मिति २०७६/११/१९ को समिति गठन सम्बन्धी पत्र बैठकमा प्रस्तुत भइ जानकारी भयो र पत्रमा उल्लेखित भए बमोजिम गर्ने गराउने निर्णय गरियो ।

## निर्णय नं. ८

यस नगरपालिकालाई **"बाल-मैत्री नगर"** घोषणा गर्ने नगरपालिकाको लक्ष्य रहे बमोजिम हाललाई नमुनाको रूपमा यस नगरपालिकाको वडा नं. ७ लाई **"बाल-मैत्री वडा"** घोषणा गर्ने निर्णय भइसकेको सन्दर्भमा सोका लागि आवश्यक पर्ने स्थानीय ऐन, नियम, कार्यविधि, निर्देशिका आदि कानुनको मस्यौदा तर्जुमा गरि पेश गर्नका लागि देहाय बमोजिमको बाल-मैत्री स्थानीय शासन, प्राविधिक समिति गठन गर्ने निर्णय गरियो ।

क) शाखा अधिकृत शिक्षा शाखा श्री गोविन्द निरौला -संयोजक
ख) सुपरीवेक्षक जुजुभाई महर्जन – सदस्य
ग) म.वि.नि (छैठौं) विमला पन्त – सदस्य
घ) ना.सु ज्ञानबज्र महर्जन -सदस्य सचिव

## निर्णय नं. ९

यस नगरपालिकाको गत आ.व.२०७५/७६ को अन्तिम लेखापरीक्षण गर्ने सिलसिलामा श्री महालेखापरीक्षकको कार्यालयबाट माग गरिएको सो आ.व. को सेवा प्रवाह सम्बन्धी विवरण र सरकारी सेवाबाटअवकाश लिई निवृत्तिभरण पाइरहेका पदाधिकारी वा सदस्य भइ निर्वाचित भए नभएको विषयमा खुलाई पठाइदिन सबै वडामा पत्राचार गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

यस नगरपालिकाभित्रका तपशिलका विद्यालयहरुले राष्ट्रपति शैक्षिक सुधार परियोजना पेश गरी स्वीकृतिका लागि नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानवस्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुरलाई सिफारिस गर्न अनुरोध भए बमोजिम पेश भए बमोजिमका परियोजना प्रस्ताव स्वीकृतिका लागि सिफारिस गर्ने निर्णय गरियो ।

| क.स | विद्यालयको नाम, ठेगाना | परियोजना | प्रस्तावित रकम (रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | श्री मङ्गल मा. वि, की.न.पा -१० | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम | २५,००,००० ।- | |
| २ | श्री वैष्णवी मा. वि, की.न.पा - ७ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम | २५,००,००० ।- | |
| ३ | श्री बाघभैरव मा.वि., की.न.पा - ४ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम | ३०,५५,०७८ ।- | |
| ४ | श्री आदिनाथ मा.वि. , की.न.पा -६ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम | २०,५०,००० ।- | |
| ५ | श्री कीर्तिपुर मा.वि. , की.न.पा - ९ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम | २५,००,००० ।- | |